सम्बत् २०७५ साल जेठ ३१ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. संघीय संसदबाट "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५" पारित गर्ने प्रयोजनको लागि संघीय संसदको दुबै सदनको संयुक्त बैठक बोलाउने आवश्यक व्यवस्थाको लागि अनुरोध भई आएबमोजिम सम्बत् २०७५ असार ३ गते आइतबारका दिन १६.०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ वानेश्वरमा संघीय संसदको संयुक्त बैठक आह्वानका लागि नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष अनुरोध गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – श्रीलङ्काको कोलम्बोमा संचालन हुने "Putting the Lens on the Consumer in Nutrition–Sensitive Agriculture and Food Systems in South Asia" विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. उषा झालाई सहभागी हुन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल तथा नायव महान्यायाधिवक्ता श्री किरण पौडेलको फ्रान्स, नेदरल्याण्ड, बेल्जियम र रूमानिया भ्रमण स्वीकृत गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — मंगोलियाको उलनवटरमा हुने Asian Ministerial Conference on Disaster Risk Reduction कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव श्री अर्जुन कुमार कार्कीलाई भाग लिन स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय – जापान सरकारबाट Human Resource Development Scholarship Project को लागि प्राप्त हुने जापानी येन २८२,०००,००० (करिब रु २७ करोड ५५ लाख) अनुदान सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालय — विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट अनुदान सहायता स्वीकार गर्ने विषयमा वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने ।

७. अर्थ मन्त्रालय — नेपाल सरकार र चीनको The National Development and Reform Commission बीच उत्पादन क्षमता विकासका लागि लगानी तथा सहयोग सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने।

८. अर्थ मन्त्रालय — नेपाल सरकार र चीनको चीन अन्तर्राष्ट्रिय विकास सहायता नियोगबीच मानव विकास सहायता सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

९. अर्थ मन्त्रालय — नेपालको तर्फबाट एशियाली विकास बैंकको बैकल्पिक निर्देशक पदमा कार्यरत डा. सोमलाल सुवेदीलाई सो पदबाट फिर्ता गरी रिक्त हुने स्थानमा नियुक्त गर्ने ।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल आयल निगम लि. का कार्यकारी निर्देशक श्री गोपाल बहादुर खड्काले दिनु भएको राजीनामा स्वीकृत गर्ने ।

११. नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र चाइना कम्यूनिकेसन्स कन्स्ट्रक्सन कम्पनी लि. बीच हुने समझदारी पत्रलाई स्वीकृति प्रदान गर्ने ।

१२. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— पावर ग्रीड ईन्टरकनेक्सनको सम्भाव्यता अध्ययन गर्न नेपाल विद्युत प्राधिकरण तथा स्टेट ग्रीड कर्पोरेशन अफ चाईना बीच सहायता सम्झौता गर्ने।

१३. गृह मन्त्रालय — बढुवा समितिबाट सिफारिस भई आएकोले राष्ट्रिय अनुसन्धान विभागका सह अनुसन्धान निर्देशकहरु प्रकाशराज पाण्डे, सुमन बैद्य र मधु कार्कीलाई अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने ।

१४. गृह मन्त्रालय— विशेष अनुसन्धान टोलीको म्याद थप गर्ने ।

१५. परराष्ट्र मन्त्रालय— नेपालको परराष्ट्र मन्त्रालय र मंगोलियाको परराष्ट्र मन्त्रालय बिच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— चीनको वेइजिङ्गमा सञ्चालन हुने World Transport Convention, 2018 मा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीरलाई भाग लिन स्वीकृति प्रदान गर्ने ।

१७. रक्षा मन्त्रालय— प्राविधिक महा सेनानी दिपक प्रसाद बास्तोलाको पदावधि थप गर्ने ।

१८. रक्षा मन्त्रालय— प्रमुख सेनानी पदम बहादुर बुढा समेत २० जनालाई महा सेनानी दर्जामा पदोन्नती गर्ने।

१९. वन तथा वातावरण मन्त्रालय—सङ्कटापन्न वन्यजन्तु भालु थान १ भारतमा फिर्ता ।

२०. वन तथा वातावरण मन्त्रालय—घट्टे खोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— चीनको युनान प्रान्तको कुनमिनमा हुने Third Forum on China–South Asia Technology Transfer and Collaborative Innovation" विषयक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय श्री गिरिराजमणि पोखरेललाई सहभागी हुन स्वीकृति दिने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— 42th Session of the World Heritage Committee मा सचिव श्री कृष्णप्रसाद देवकोटा, फ्रान्सको लागि नेपाली राजदूत श्री अम्विका देवी लुइटेल र प्रमुख पुरातत्व अधिकृत श्री सुरेशसुरश श्रेष्ठसमेत ३ जनामात्र सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल टेलिभिजन संचालक समितिको कार्यकारी अध्यक्षमा डा. महेन्द्र विष्टलाई नियुक्त गर्ने ।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— राष्ट्रिय समाचार समितिको अध्यक्षमा श्री हरिहर अधिकारी तोक्ने ।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (बजार व्यवस्थापन) पदमा श्री राममणी दुवाडीलाई नियुक्ति गर्ने ।

२६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - लोक सेवा आयोगबाट सिफारिस भएका डा.श्रीप्रसाद अधिकारी समेत ३ जना चिकित्सकहरूलाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहको पदमा नियुक्त गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल जेठ २७ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— फ्रान्सको पेरिसमा हुने FATF -MENAFATF Joint Plenary week मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री केदार वहादुर अधिकारीको नेतृत्वमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक श्री जीवन प्रकाश सिटौला र अर्थ मन्त्रालय वा नेपाल राष्ट्र बैंकका एक जना प्रतिनिधिसमेत ३ जनालाई सहभागी हुन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— कर्जा सुरक्षण नियमावली, २०७५, निक्षेप सुरक्षण नियमावली, २०७५ र निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी नियमावली, २०७५" स्वीकृत विषयको अर्थ मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३. अर्थ मन्त्रालय - भारतको मुम्बईमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको तेस्रो वार्षिक बैठकमा माननीय अर्थमन्त्री र सचिव (राजस्व), लाई सहभागी हुन स्वीकृति दिने ।

४. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— नेपाल र जनवादी गणतन्त्र चीनबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्ने विषयमा Memorandum of Understanding (MoU) गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— विद्युत नियमन आयोग नियमावली, २०७५ स्वीकृत गर्ने विषयको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय - भारतको सिक्किममा हुने प्रांगारिक खेतीसम्बन्धी अध्ययन भ्रमणमा सचिव डा. युवकध्वज जि.सी.को नेतृत्वमा ५ सदस्यीय टोलीलाई सहभागी हुन स्वीकृति दिने।

७. गृह मन्त्रालय— राष्ट्रिय सभा सदस्यको निर्वाचन विषयको व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसद् समक्ष पेश गर्न स्वीकृति विषयको गृह मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

८. गृह मन्त्रालय— हाल सशस्त्र प्रहरी नायब महानिरीक्षक पद १८ रहेकोमा २ पद खारेज गरी १६ पद कायम गर्ने र सोअनुसार संगठन संरचना मिलान गर्ने गरी सशस्त्र प्रहरी बल, नेपालको दरबन्दी हेरफेर तथा सांगठनिक पुनर्संरचना स्वीकृत गर्ने ।

९. गृह मन्त्रालय— प्रहरी अतिरिक्त महानिरीक्षक, विशिष्ट श्रेणी (प्रशासनतर्फ) को विद्यमान दरबन्दी १५ मध्ये १२ पद खारेज गरी प्रहरी अतिरिक्त महानिरीक्षक (प्रशासनतर्फ) को पद ३ मात्र कायम गर्ने र उपरोक्त अनुरूप हुने गरी संगठन संरचना मिलान गर्ने गरी नेपाल प्रहरीको केही दरवन्दी खारेज, पदमिलान तथा दरवन्दी थप गर्ने ।

१०. परराष्ट्र मन्त्रालय — पाकिस्तानका प्रधानमन्त्री तथा भारतका विदेशमन्त्रीले नेपालको औपचारिक भ्रमण गर्दा लागेको खर्च निकासा गर्ने ।

११. परराष्ट्र मन्त्रालय—मङ्गोलियाको उलानबटारमा आयोजना हुने भूपरिवेष्ठित विकासोन्मुख राष्ट्रका लागि अन्तर्राष्ट्रिय प्रबुद्ध समूहको मन्त्रिस्तरीय सम्मेलनमा नेपालको तर्फबाट माननीय परराष्ट्रमन्त्रीको नेतृत्व सहभागी हुने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल सरकार र चीन सरकारबीच हुने देहायका सम्झौतापत्र स्वीकृत गर्ने -

१. AGREEMENT BETWEEN THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA AND THE GOVERNMENT OF NEPAL ON RECONSTRUCTION OF THE FRIENDSHIP BRIDGE

२. AGREEMENT BETWEEN THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA AND THE GOVERNMENT OF NEPAL ON RECONSTRUCTION OF THE RESUO (RASUWA) BRIDGE

१३. वन तथा वातावरण मन्त्रालय— लुम्बिनी परिक्रमा सडकको स्तरोन्नति गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१४. वन तथा वातावरण मन्त्रालय— टक्सार पिखुवाखोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१५. वन तथा वातावरण मन्त्रालय— दोर्दी १ जलविद्युत आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिने ।

१६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५ स्वीकृति विषयको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीमा लेखापाल श्री छविलाल पनेरुलाई उपचार खर्च रु. ५,००,०००/- थप आर्थिक सहायता दिने।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - लोक सेवा आयोगबाट सिफारिस भएका डा. हरिहर वस्ती समेत ९ जना चिकित्सकहरूलाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहको पदमा नियुक्ति गर्ने।

१९. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई नेपाल टेलिकमअन्तर्गत सञ्चालित परियोजनाहरू निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा सम्पन्न नभएको; पूर्वाधार विस्तार हुन नसकेको; पूर्वाधार नहुँदा नेटवर्क विस्तार, जनतालाई सेवा सुविधा विस्तार, ग्राहकसङ्ख्या वृद्धि र राजस्व वृद्धिमा समेत नकरात्मक असर परेको सन्दर्भप्रति निजलाई सचेत गराउँदै निजको नियुक्ति सम्बन्धी निर्देशिका, मन्त्रालयसँग गरेको कार्यसम्पादन सम्झौताका कार्यहरू तथा कम्पन्नीका अन्य आयोजनाहरू, कार्यक्रमहरू समयमै सम्पन्न गर्न विशेष पहल गर्ने र समग्र कार्यसम्पादनमा उल्लेखनीय सुधार ल्याउन देहायबमोजिमको निर्देशन दिने ।

नेपाल टेलिकमअन्तर्गत सञ्चालित देहायका आयोजनाहरू निम्नानुसार सम्पन्न गर्ने :

क. ताररहित सेवातर्फ मुलुकभर GSM सेवाअन्तर्गत २G/३G सेवाको विस्तार गर्न १ करोड लाइन विस्तारको परियोजना/आयोजना आगामी ६ महिनाभित्र निर्धारित लागत, परिमाण र गुणस्तरमा पूर्ण रूपमा सम्पन्न गर्ने ।

ख. वायरलाइन सेवा विस्तारतर्फ आधारभूत टेलिफोन सेवा (PSTN) लाई IP प्रविधिमा रूपान्तरण गर्ने कार्य निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने ।

ग. वायरलाइन सेवातर्फ काठमाडौंमा Fiber to Home (FTTH) अन्तर्गत १ लाख लाइन जडान गर्ने कार्य आर्थिक वर्ष ०७५/०७६ को ६ महिनाभित्र सम्पन्न गर्ने ।

घ. ग्रामीण दूरसञ्चार विकास कोषबाट मध्य पहाडी लोकमार्गको पूर्वी खण्ड (प्रदेश नं. १, २ र ३) मा Optical Fiber विस्तार गर्ने आयोजना ६ महिनाभित्र ठेक्कापट्टाको कार्य सम्पन्न गरी काम शुरू गर्ने ।

ङ .नेपाल दूरसञ्चार प्राधिकरणबाट लागत व्यहोर्ने गरी भूकम्प प्रभावित ४ जिल्लाका ७४७ स्थानमा Broadband सेवा जडान गर्ने कार्य आर्थिक वर्ष ०७४/०७५ को असार मसान्तसम्म सम्पन्न गर्ने ।

३. माथि उल्लिखित आयोजनाको अतिरिक्त नेपाल टेलिकमअन्तर्गत हाल सञ्चालित कार्यक्रम र आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने ।

४. नेपाल दूरसञ्चार कम्पन्नीको सेवा, सुविधा, पूर्वाधार विकास तथा विस्तारमा नेपाल सरकार (मन्त्रिपरिषद्) र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले दिएका निर्देशनहरू पूर्ण पालना गर्ने ।

५. टेलिफोन सेवाको गुणस्तरमा सुधार गर्ने ।

६. टेलिफोन मर्मत सेवालाई गुनासो प्राप्त भएको दुई दिनभित्रमा समाधान गर्ने प्रणालीको विकास गर्ने।

७. प्रमुख सहरहरुमा दूरसञ्चारका केबुल अण्डरग्राउण्ड गर्ने ।

८. तीन महिनाभित्र बजार अध्ययन गरी बजार नीति ल्याउने ।

९. नेपाल टेलिकमले लामो समयदेखि अन्य दूरसञ्चार कम्पनीहरूबाट उठाउन बाँकी रहेको Interconnection बापतको करोडौं रकम दुई महिनाभित्रमा उठाउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल जेठ २० गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— न्याय सेवा, सरकारी वकिल समूहका सहन्यायाधिवक्ता सरूवा गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रपति र उपराष्ट्रपतिको निजी सचिवालयको दरवन्दी संशोधन तथा पदाधिकारीहरूको पारिश्रमिक र सुविधा तोक्ने ।

३. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय—कृषि जैविक विविधता संरक्षण तथा सदुपयोग सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

४. खानेपानी मन्त्रालय— High level International Conference on the International Decade for Action Water for Sustainable Development 2018-2028 कार्यक्रममा सहभागी हुन खानेपानी मन्त्रालयका सचिव श्री कृष्णराज विसी..लाई स्वीकृति दिने ।

५. परराष्ट्र मन्त्रालय— नेपाल र बेल्जियमका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

६. परराष्ट्र मन्त्रालय— ब्रसेल्समा आयोजना हुने नेपाल र युरोपियन युनियनबीचको द्विपक्षीय परामर्श संयन्त्रको दशौं बैठकमा भाग लिन परराष्ट्र सचिवको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने ।

७. परराष्ट्र मन्त्रालय— काठमाडौंस्थित संयुक्त राष्ट्रसंघको राजनीतिक मामिला विभागको सम्पर्क कार्यालय बन्द गर्ने ।

८. परराष्ट्र मन्त्रालय - नेपालमा Bay of Bengal Multi-Sectoral Technical and Economic Cooperation (BIMSTEC) को चौथो शिखर सम्मेलन आयोजना गर्नका लागि मिति २०७५ भदौ १४ र १५ गते (तदनुसार अगस्ट 30 र 31, 2018) र २०७५ भदौ २१ र २२ गते (तदनुसार सेप्टेम्बर 6 र 7, 2018) गरी दुई वटा मिति सदस्य राष्ट्रहरूसमक्ष सहमतिका लागि प्रस्ताव गर्ने।

९. रक्षा मन्त्रालय— प्राविधिक सहायक रथी डा. सुनिल कुमार सिंह र प्राविधिक महा सेनानी डा. सुधा सेनको पदावधि थप गर्ने ।

१०. रक्षा मन्त्रालय— काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

११. वन तथा वातावरण मन्त्रालय - Forest Carbon Partnership Facility (FCPF) Eighteenth Carbon Fund (CF१८) Meeting तथा विश्व बैंकसँग हुने द्वीपक्षीय बैठकमा भाग लिन सचिव डा. विश्वनाथ ओलीलाई स्वीकृति दिने ।

१२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— विद्यार्थी भर्ना विशेष अभियान, २०७५ दोस्रो चरणको कार्य योजना स्वीकृत गर्ने ।

१३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५—२०८५) स्वीकृत गर्ने प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— क्यानाडा र अमेरिकामा आयोजना हुने ICAO Council President Certificate तथा Skill, Knowledge and Technology Transfer in Nepal कार्यक्रमहरुमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारीलाई सहभागी हुन स्वीकृति दिने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय—नेपाल र जापानबीच हवाई सेवा सम्बन्धी वार्ता गर्न वार्ता टोली गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय तथा कारागार कार्यालयहरुको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - क्षेत्रीय वन निर्देशानालय, मोरङका लेखा अधिकृत अशोक गौतमलाई उपचार खर्च रु. ५,००,०००/- थप आर्थिक सहायता दिने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— बढुवा समितिबाट सिफारिस भएका श्री धीरकुमार श्रेष्ठलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा नियुक्त गर्ने ।

१९. प्रशासकीय अदालतको विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव मिति २०७५/१/११ को बैठकबाट मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने निर्णय भएकोमा मिति २०७५/१/३१ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकले छलफलमा उठेका विषयहरू समावेश गरी परिमार्जन गरी पेश गरेकोमा सोको सट्टा मन्त्रिपरिषद्बाट परिमार्जित प्रशासकीय अदालतको विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

२०. देहायका महानुभावहरूलाई औषधोपचार खर्च वापत निम्न अनुसारको आर्थिक सहायता उपलब्ध गराउने -

(क) डा. मिमाङ तेम्वे मालापथ, इलामलाई बाह्र लाख रुपैयाँ

(ख) श्री नरेन्द्रराज पोखरेल, धनगढी न.पा. सिराहालाई छ लाख रुपैयाँ

(ग) श्री खगेन्द्र चुडाल, गरामनि—५, झापालाई पन्ध्र लाख रुपैयाँ

(घ) श्रीचन्द्र शर्मा, हेटौंडालाई दश लाख रुपैयाँ।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७१/११/३ र मिति २०७१/१२/२० मा प्रकाशित प्रेस विज्ञप्तिमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत रौतहट जिल्लाको चन्द्रनिगाहपुर र बारा जिल्लाको सिमरामा स्थापना गर्ने मालपोत कार्यालय र नापी कार्यालयको संगठन संरचना र दरबन्दीसमेत स्वीकृत गर्ने विषयको तत्कालिन सामान्य प्रशासन मन्त्रालयको प्रस्तावउपर मन्त्रिपरिषद् प्रशासन समितिबाट मिति २०७१/६/३० मा भएको निर्णय फिर्ता लिएको व्यहोरा उल्लेख भएको भए तापनि मन्त्रिपरिषद् प्रशासन समितिको मिति २०७१/६/३० को निर्णय यथावत कायमै रहेको हुँदा सोहीअनुसार कार्यान्वयन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल जेठ १५ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— बजेट तथा अर्थ सम्बन्धी विधेयकहरू संघीय संसदमा पेश गर्ने ।

२. अर्थ मन्त्रालय— मूल्य अभिवृद्धि कर (बिसौं संशोधन) नियमावली, २०७५; अन्तःशुल्क (अठारौं संशोधन) नियमावली, २०७५; भन्सार (नवौं संशोधन) नियमावली, २०७५ र आयकर (आठौं संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल जेठ १३ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— लेखापरीक्षण विधेयक संघीय-संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधा विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्ने स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— मंगोलियामा हुने The 2018 ALIN General Meeting and International Conference मा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेललाई भाग लिन स्वीकृति दिने ।

४. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— बर्दिया जिल्ला, राजापुर बजार क्षेत्रमा बसोवास गरी आएका व्यक्तिहरुको नाममा बहाल बिटौरी जग्गा दर्ता गर्ने सम्वन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव समितिको कार्यावधि समाप्त भइसकेकोले म्याद थप नगर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

५. खानेपानी मन्त्रालय— वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यकालीन खर्च संरचना समेत) तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७४ संशोधन गर्ने ।

६. गृह मन्त्रालय - नेपालको संविधानको धारा २७७ को उपधारा (२) एवं विभूषण ऐन, २०६४ को दफा १९ को उपदफा (१)बमोजिम नेपालका लागी बुल्गेरियाका अवैतनिक वाणिज्यदूत भोलाविक्रम थापासमेतका महानुभावहरूलाई विदेशी मुलुकबाट प्रदान गरिने विभूषण ग्रहण गर्न स्वीकृति दिने ।

७. गृह मन्त्रालय— Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) को आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

८. गृह मन्त्रालय— उलानवटारमा हुने विपद् जोखिम न्यूनीकरणका लागि एसियन मन्त्रिस्तरीय सम्मेलन (Asian Ministerial Conference of Disaster Risk Reduction) मा सहभागी हुन गृह मन्त्रालयका सचिव श्री प्रेम कुमार राई र सहसचिव श्री केदार न्यौपानेलाई स्वीकृति दिने ।

९. गृह मन्त्रालय— अमेरिकाको न्यूयोर्क स्थित सयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा सञ्चालन हुने United Nations Chiefs of Police Summit (UNCOPS) को दोश्रो सम्मेलनमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई भाग लिन जान स्वीकृति दिने ।

१०. गृह मन्त्रालय— धादिङ जिल्ला खनियावास-४ छविङ बस्ने प्रहरी सहायक निरीक्षक निश्चलकुमार तामाङ सहित तपसिल वमोजिमका ४ (चार) जना मृतक प्रहरी कर्मचारीहरुको आश्रित परिवारलाई प्रति परिवार १० लाख रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउने ।

१	प्र.नि.स.	निश्चलकुमार तामाङ	खनियावास-४ छविङ धादिङ	प्र.नि.ना.
२	प्र.ज.	लिलबहादुर चेपाङ	मकेसिङ -१ गोरखा	प्र.ह.
३	प्र.ज.	सन्दिप कार्की	रुपाकोट -३ तनहुँ	प्र.ह.

४	प्र.ज.	दिपककुमार मास्के	हेरैया -६ वारा	प्र.ह.

११. गृह मन्त्रालय— गणतन्त्र दिवस, २०७५ को उपलक्ष्यमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ दफा १२, कारागार नियमावली, २०२० (संसोधन समेत) को नियम २९ को उपनियम (१) र (२क), कारागार व्यवस्थापन कार्यविधि, २०७३ एवं सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ बमोजिम असल चालचलन भई कैदको सजाय छोट्याउन योग्य देखिएका संलग्न सूची बमोजिमका तेम्बा शेर्पासमेत ८१६ (आठसय सोह्र) जना कैदीहरुलाई कारागारबाट बाँकी कैद सजाय माफी गर्न नेपालको संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने ।

१२. परराष्ट्र मन्त्रालय— नेपाल र म्यान्मार सरकारका परराष्ट्र मन्त्रालयवीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने ।

१३. परराष्ट्र मन्त्रालय— दक्षिण एसियाली विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सहभागी हुने ।

१४. युवा तथा खेलकूद मन्त्रालय— श्रीलङ्काको कोलम्बोमा हुने 15th Asia/ Oceania Region Intergovernmental Ministerial Meeting on Anti-doping in sports कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार लाई सहभागी हुन स्वीकृति दिने । (विश्वकर्मा)

१५. वन तथा वातावरण मन्त्रालय— जैविक विविधता महासन्धि अन्तर्गतको NAGOYA PROTOCOL ON ACCESS TO GENETIC RESOURCES AND THE FAIR AND EQUITABLE SHARING OF BENEFITS ARISING FROM THEIR UTILIZATION TO THE CONVENTION ON BIOLOGICAL DIVERSITY अभिसन्धिमा सम्मिलन हुने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१६. वन तथा वातावरण मन्त्रालय— माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतबाट हुने Kyrgyz Republic को भ्रमण विषयको वन तथा वातावरण मन्त्रालयको नं. १४/७—०७५/२/६ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने । Kyrgyz Republic मा हुने Global Snow Leopard and Ecosystem Protection Program (GSLEP), Steering Committee Meeting मा माननीय वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतको नेतृत्वमा २ सदस्यीय प्रतिनिधि मण्डललाई स्वीकृति दिने ।

१७. विषयको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— शिक्षा विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच श्रम समझदारी पत्र (MoU) नवीकरण गर्ने ।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— श्रम नियमावली, २०७५ स्वीकृत गर्ने ।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— विकास समिति (गठन) आदेशहरु तथा विकास समितिहरु खारेजी विषयको प्रस्ताव समितिहरूको विषयको थप गृह कार्य गरी पेश गर्न प्रस्ताव फिर्ता गर्ने।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार स्थापना गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— मिति २०७४ पुस २८ मा प्रकाशित स्वैच्छिक अवकाश सम्बन्धी सूचना संशोधन गर्ने ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— राजस्व अनुसन्धान विभाग, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका निकायहरुको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— उच्च सरकारी वकिलको कार्यालय, ओखलढुंगा र विरगञ्जको संगठन संरचना तथा दरबन्दी स्वीकृति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— लोक सेवा आयोगबाट सिफारिस भएका गोगनबहादुर हमालसमेत ६ जनालाई राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा नियुक्ति गर्ने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्यार्पु पावर कम्पनी दर्ता गर्न स्वीकृति दिने विषयको प्रस्ताव ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिई पेश गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- नेपाल सरकारबाट मिति २०७४/०९/२८ गते नेपाल राजपत्रमा प्रकाशित स्वेच्छिक अवकाश सम्बन्धी सूचना बमोजिम निवेदन दिएका कर्मचारीहरु मध्ये स्वेच्छिक अवकाश प्रक्रियाबाट फिर्ता हुन इच्छुक कर्मचारीहरुलाई फिर्ता हुन दिने ।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— फरार अभियुक्त वृज किशोर गिरीलाई नियन्त्रण लिने क्रममा गोली लागि घाइतेको औषधोपचार गर्दा लागेको बील बमोजिमको खर्च चितवन मेडिकल कलेज भरतपुरलाई र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा टान्सप्लान्ट सेन्टर महाराजगंजलाई शोधभर्ना गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM

सम्बत् २०७५ साल जेठ ६ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम संघीय संसदको दुबै सदनको संयुक्त बैठकलाई संबत् २०७५ साल जेठ ७ गते सोमबारका दिन हुने यसैसाथ संलग्न सम्बोधन स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन) श्री डिल्ली राज घिमिरेको विरामी विदा स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रमुख सचिव श्री सुरेश प्रधानको घर विदा स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय— राष्ट्रिय बीमा संस्थानको प्रशासक पदमा श्री कविप्रसाद पाठक, झापालाई नियुक्त गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल र बंगलादेशबीच मिति २०७५ जेठ १६तदनुसार १७- मे ३१-३०२०१८ मा काठमाडौंमा आयोजना हुने वाणिज्य सचिवस्तरीय चौथो बैठकका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) को नेतृत्वमा वार्ता टोली गठन गर्ने ।

६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— गुठीसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

७. गृह मन्त्रालय— नेपाल प्रहरी अस्पतालको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृति गर्ने ।

८. गृह मन्त्रालय— २०७५ सालदेखि सम्माननीय राष्ट्रपतिबाट विभूषित हुने व्यक्तिहरूको नामावली घोषणा प्रत्येक वर्ष संविधान दिवस असोज ३ गते (राष्ट्रिय दिवस) का दिन गर्ने गरी तोक्ने र प्रत्येक वर्ष बैशाख १ गते नयाँ वर्ष आरम्भको पहिलो दिन सुशोभन गर्ने।

९. गृह मन्त्रालय— अध्यागमन नीति, २०७५ स्वीकृत गर्ने प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१०. गृह मन्त्रालय— विशेष अनुसन्धान टोलीको म्याद थप गर्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— चुरे तथा भित्रि मधेसका उपत्यकाहरुलाई जोडेर आर्थिक तथा औद्योगिक कोरिडोरको रुपमा विकास गर्न पूर्वमा झापाको शान्तिनगर देखि सुरु भई धरान – चतरा – गाईघाट – कटारी – सिन्धुली – हेटौडा – गैंडाकोट – राम्दी – रिडि – बल्कोट – हंसपुर – मच्छी – घोराही – तुलसीपुर – बोटेचौर – सुर्खेत – बड्डीचौर – सिमचौर – वि.पि. नगर – सहजपुर – बुडर – जोगबुढा – रुपाल सम्मको करीब १२०० (एक हजार दुई सय) कि.मी. सडकलाई सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ को खण्ड (क) बमोजिम राजमार्ग कायम गरी "मदन भण्डारी राजमार्ग" नामाकरण गर्ने ।

१२. रक्षा मन्त्रालय— United Nations Multidimensional Integrated Stabilization Mission in the Central African Republic (MINUSCA) मा शान्ति स्थापनार्थ नेपाली सेनाको High Readiness Protection Battalion-६०० नफ्रीको फौज पठाउन स्वीकृति दिने ।

१३. रक्षा मन्त्रालय— भारतको पिथौरागढमा सञ्चालन हुने EX – SURYA KIRAN "XIII" मा नेपाली सेनाका उपरथी राजेन्द्र कार्कीलाई Senior Exercise Delegation को रूपमा सहभागी हुन पठाउने स्वीकृति दिने।

१४. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्रीलाई मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जान स्वीकृति दिने ।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— चालु आर्थिक वर्ष २०७४।०७५ का लागि साबिक जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालयहरूबाट कार्यान्वयन गर्ने गरी स्वीकृत भएका बजेट तथा कार्यक्रमहरु तत् तत् बजेट उपशीर्षकहरूबाट जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने गरी गठन भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट २०७५ असार मसान्तसम्मका लागि सञ्चालन गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— लोक सेवा आयोगवाट सिफारिस भएका शिवलाल तिवारीसमेत १२ जनालाई राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा नियुक्ति गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेशमा रहने मन्त्रालय र प्रदेश स्तरका निकायहरुको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने ।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— सर्वोच्च अदालतको परमादेशको आदेश तथा लोक सेवा आयोगको सिफारिससमेतको आधारमा देहायबमोजिम गर्नेः

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३।०५।१६ को निर्णयबमोजिम नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह (एघारौं तह), प्रमुख जनस्वास्थ्य प्रशासक पदमा दिइएको चुडामणि भण्डारी र श्री जयबहादुर कार्कीको नियुक्ति बदर गर्ने।

(ख) नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह (एघारौं तह), प्रमुख जनस्वास्थ्य प्रशासक/निर्देशक पदमा श्री परशुराम श्रेष्ठलाई नियुक्ति गर्ने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघमा रहने मन्त्रालय अन्तर्गतका १४ वटा विभागहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/९—०७५।१।२३ को प्रस्ताव, संघमा रहने मन्त्रालय अन्तर्गतका ५ वटा विभागहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/१०—०७५।१।२४ को प्रस्ताव र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतका केन्द्र र केन्द्रीय अस्पतालहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/११—०७५/१/२५ को प्रस्ताव मं.प.बै.सं. ५/०७५ मिति २०७५/१/२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/१/२९ मा बसेको मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकमा पेश भई छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरू समावेश गरी देहायबमोजिम गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गरेकोमा बुँदा नं. ३ को हकमा हाल केही नगर्ने (स्थगन गर्ने) र बुँदा नं. १, २, ४ र ५ को हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजन नियमावली, २०७४ को नियम ३ बमोजिम गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिमा छलफल गराई पुनः पेश गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१. मन्त्रिपरिषद्मा प्रस्ताव हुन आएको राष्ट्रिय शिक्षा, मानव स्रोत तथा पाठ्यक्रम विकास केन्द्रको प्रस्तावित दरबन्दी संख्यामा नबढ्ने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रलाई अलग—

अलग निकायको रूपमा राख्न सिफारिस गर्ने र लेखा तथा प्रशासनतर्फ जनशक्ति नपुग हुने देखिएमा न्युनतम संख्यामा दरबन्दी थप गर्ने;

२. प्रस्ताव हुन आएको मौसम तथा जलवायु विज्ञान विभागको मेटेरोलजीतर्फ राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) दरबन्दी ३ मध्ये १ पद ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा कायम गर्ने र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणी प्राविधिकतर्फको हाइड्रोलोजीको पद मौसम तथा जलवायु विज्ञान विभागमा कायम गर्ने वा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र मौसम तथा जलवायु विज्ञान विभाग दुवैतर्फ हाइड्रोलोजी पदको दरबन्दी कायम गर्नैपर्ने अवस्थामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गत रहेका राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) को कूल पदमा नबढ्ने गरी कुनै १ पद हाइड्रोलोजी पदमा परिवर्तन गर्ने;

३. खानेपानी विभागको नाम खानेपानी तथा ढल व्यवस्थापन विभाग राख्ने, महाशाखा तथा शाखाको नाम तदनुरूप मिलान गर्ने र शाखा राख्नु पर्ने अवस्थामा प्रस्ताव गरेको दरबन्दी तेरिजभित्रै समायोजन गरी मिलान गर्ने । केन्द्रीयस्तरका आयोजना निर्माण गर्ने प्रयोजनका लागि पुलमा केही पदहरू सिर्जना गर्ने;

४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पुरातत्व तथा राष्ट्रिय अभिलेखालय विभागको हकमा प्रस्ताव भए अनुरूप नै स्वीकृत गर्न उपयुक्त हुने । अलगै निकायको रूपमा कायम गर्नुपर्ने भएमा प्रस्तावित दरबन्दी तेरिजमा नबढ्ने गरी पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयलाई अलग—अलग निकायको रूपमा राख्ने;,

५. राष्ट्रसेवक किताबखानाको नामलाई राष्ट्रिय किताबखाना राख्न सिफारिस गर्ने । प्रहरी किताबखानाको काममा सघाउ पुऱ्याउन आवस्यक संख्यामा नेपाल प्रहरी र शसस्त्र प्रहरी बल, नेपालबाट प्रहरी निरीक्षक पद काजमा लिन सक्ने व्यवस्था गर्ने ।

२०. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवलाई उपचारको क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने । उहाँलाई थाइल्याण्डको बैंककमा उपचार गर्दा लागेको खर्च रकम बैंककस्थित नेपाली राजदूतावासमार्फत सम्बन्धित अस्पताललाई उपलब्ध गराउने । सो वापतको रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत निकासा दिने ।

२१. वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने ।

२२. राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव शरद चन्द्र पौडेलले उमेरको हदको कारणबाट मिति २०७५/२/१६ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२३. राष्ट्रकवि माधव घिमिरेलाई उपचारको क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने । उहाँलाई भारतको नयाँ दिल्लीमा उपचार गर्दा लागेको खर्च रकम नयाँ दिल्लीस्थित नेपाली राजदूतावासमार्फत सम्बन्धित अस्पताललाई उपलब्ध गराउने । सो वापतको रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत निकासा दिने ।

२४. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/५/५ को बैठकबाट राष्ट्रिय सतर्कता केन्द्रको लागि निर्माणाधिन भवन राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने निर्णय भएकोमा उक्त भवन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई उपलब्ध गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।